**मिति २०८२ माघ ६ गतेको सचिव बैठकका निर्णयहरू:**

१. विगतका सचिव बैठकका निर्णयहरूको कार्यान्वयनमा जोड दिई अन्तरनिकाय समन्वय गरी कार्यान्वयन गर्नुपर्ने कुनै विषय भए प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयारीको क्रममा रहेको सुशासन मार्गचित्रमा समावेश गर्नुपर्ने विषयहरू प्रत्येक मन्त्रालयले मिति २०८२ माघ १४ गतेभित्र तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार महाशाखामा पठाउने।

३. जेन-जी प्रतिनिधि र नेपाल सरकारबिच मिति २०८२ मङ्सिर २४ मा सम्पन्न सम्झौता कार्यान्वयनलाई उच्च प्राथमिकता दिई सम्बन्धित मन्त्रालय/निकायले आफ्नो क्षेत्राधिकार/जिम्मेवारीमा पर्ने विषय क्षेत्रको कार्यान्वयन गर्ने गराउने। साथै, अन्य मन्त्रालय/निकायको समन्वयमा गर्नुपर्ने कार्यको हकमा समन्वय गरी कार्यान्वयन गर्ने। उक्त सम्झौता कार्यान्वयनको प्रगति साप्ताहिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार महाशाखामा पठाउने।

४. बेरुजु फछ्र्यौट सम्बन्धमा;

(क) आगामी दिनमा बेरुजु आउने अवस्था सिर्जना हुन नदिन प्रत्येक मन्त्रालय/निकायले प्रचलित कानून तथा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८१/१०/२१ मा स्वीकृत "आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८१" बमोजिम निकायगत आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कडाइका साथ लागू गर्ने।

(ख) आन्तरिक लेखापरीक्षणबाट देखिएका कैफियतहरूलाई गम्भीरतापूर्वक लिई सार्वजनिक खरिद, लेखाङ्कन र प्रतिवेदन प्रणालीलाई सुदृढ गर्ने कार्यमा लेखाउत्तरदायी अधिकारी स्वयम्ले ध्यान दिने।

(ग) सबै मन्त्रालय/निकायले आफू तथा अन्तर्गतका निकायमा महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएका बेरुजु प्राथमिकताका साथ फछ्र्यौट गर्ने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मुख्य सचिव

५. सबै मन्त्रालय/निकायले बेरुजुका सम्बन्धमा प्रचलित कानून तथा कार्यविधिमा स्पष्ट नभएका वा लेखापरीक्षणको प्रक्रियागत द्विविधा/विरोधाभाषहरूका कारणले देखिएका समस्याहरूको बारेमा मिति २०८२ माघ १३ गतेभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी गराउने। उल्लिखित समस्या प्राप्त भएपश्चात आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९३ बमोजिमको बेरुजु फछ्र्यौट अनुगमन समितिको बैठकमा पेश गर्ने।

६. अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० बमोजिम सबै मन्त्रालय/निकायले आफू अन्तर्गतको कार्यक्रम तथा आयोजनाहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी आयोजना कार्यान्वयनलाई प्रभावकारी वनाउने। साथै, तोकिएका मापदण्ड पूरा गरेका आयोजनामात्र आयोजना बैंकमा प्रविष्ट गर्ने।

७. निर्वाचन आयोगले मिति २०८२ माघ ५ गतेदेखि लागू गरेको निर्वाचन आचारसंहिताको कडाइका साथ पालना गर्ने गराउने।

८. सबै मन्त्रालय/निकायले अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय र अन्य संवैधानिक निकायका विगत ३ आर्थिक वर्षका वार्षिक प्रतिवेदनमा दिइएका सुझाव कार्यान्वयनको अवस्था एक महिनाभित्र तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार महाशाखामा पठाउने।

९. विभिन्न मन्त्रालय/निकायबाट विगत ५ वर्षयता (उपलब्ध भएसम्म त्यसअघिका समेत) गरिएका अध्ययन प्रतिवेदन तथा प्रकाशनहरूको केन्द्रीय अभिलेख (Central Repository) तयार गर्ने प्रयोजनार्थ सबै प्रतिवेदन/प्रकाशनरूको एक प्रति एवम् आगामी दिनमा गरिने अध्ययन प्रतिवेदनको एक प्रति अनिवार्य रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रचलित कानूनबमोजिम गोप्य रहने भनी तोकेको बाहेकका उल्लिखित प्रतिवेदनहरूको रिपोजिटरी तयार गर्ने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

मुख्य सचिव